# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

NEPAL LIFE
सुरक्षा र समृद्धि

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)
प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

## आ.व. ०७१/७२ को दोस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.४ सम्म) | २२,१४५,५१४,३०८ | २०,४३१,७३३,३४३ | १६,२१८,५०७,१९० |
| १.१ | चुक्ता पूँजी | १,०८३,७५०,००० | १,०८३,७५०,००० | ६३७,५००,००० |
| १.२ | जगेडा तथा कोष | ६४१,६४७,३०८ | ५८६,३८८,०६१ | ७९६,११२,९६१ |
| १.३ | जीवन बीमा कोष | २०,३६४,६२१,४१४ | १८,७०६,०९९,६९६ | १४,७८४,८९४,२२९ |
| १.४ | महाविपत्ती कोष जगेडा | ५५,४९५,५८६ | ५५,४९५,५८६ | - |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | २२,१४५,५१४,३०८ | २०,४३१,७३३,३४३ | १६,२१८,५०७,१९० |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३३०,३०२,४०० | ३३४,४४४,५३३ | ३३८,७२६,२३९ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | १४,२९३,६१५,६४५ | ११,३३७,०९८,५४२ | ११,३२७,४४३,२७९ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १,७०९,६४४,६०२ | १,५८५,१५४,८६२ | १,२३०,०८०,१८८ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ५,७९२,४२२,७८५ | ७,१५५,५०६,५३० | ३,२९१,५१९,२३४ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १९,५२८,८७६ | १९,५२८,८७६ | ३०,७३८,२५० |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | - | - | - |
| | **खुद चालु सम्पत्तिको विवरण** | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ६,८०५,७०३,२०३ | ८,१०३,९९८,१०९ | ४,०६८,०५६,६६१ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ७५,३५७,६१८ | ९४,०२३,८९० | १९२,४१५,१५८ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ५,२९९,८४८,१८१ | ६,७८७,५३४,०९६ | २,९३३,४०४,८३४ |
| ३.३ | अन्य सम्पत्ती | १,४३०,४९७,४०५ | १,२२२,४४०,१२३ | ९४२,२३६,६६९ |
| ४ | चालु दायित्व तथा ब्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | १,०१३,२८०,४१९ | ९४८,४९१,५७९ | ७७६,५३७,४२७ |
| ४.१ | चालु दायित्व | २९७,६८१,४१८ | ३०८,५४१,०६८ | ३७५,५११,६८६ |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | ३९६,८५५,०३४ | ३५९,२२५,४१३ | ३४०,१०८,४९६ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ९१,६०४,८८२ | ७८,१७६,६४९ | ६०,९१७,२४६ |
| ४.४ | अन्य ब्यवस्था | २२७,१३९,०८५ | २०२,५४८,४५० | - |
| | **नाफा-नोक्सान हिसाब** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | २१९,६४९,३६४ | १२०,८३४,०८५ | १७९,६५०,१८१ |
| १.१ | आय ब्यय हिसावबाट सारेको | १४४,०८३,४२८ | ८७,७३५,०६९ | ९३,०८५,२१६ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ७५,५६५,९३६ | ३३,०९९,०१५ | ६७,७३३,१२५ |
| १.४ | ब्यवस्था फिर्ता | - | - | १८,८३१,८४० |
| १.५ | अन्य आम्दानी | - | - | - |
| २ | ब्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ११९,३२५,५७७ | ७५,७६९,५४२ | ४०,९८४,८७९ |
| २.१ | ब्यवस्थापन खर्च | २८,८५५,७५४ | १३,३०६,४१२ | १८,०९०,६६४ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्च | - | - | - |
| २.४ | नोक्सानीको लागि ब्यवस्था | ७४,६५१,४२१ | ५५,८०२,३६४ | - |
| २.५ | कर्मचारी आवास ब्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनस ब्यवस्था | १०,५५८,३२१ | ४,७०२,३०१ | १४,६८७,०९० |
| २.७ | आयकर | ५,२६०,०८१ | १,९५८,४६५ | ८,२०७,१२५ |
| २.८ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/नोक्सान (१-२) | १००,३२३,७८७ | ४५,०६४,५४३ | १३८,६६५,३०२ |
| | **एकिकृत आय-व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ४,८५२,०५१,३१० | २,४३७,९७५,३०३ | ३,२५१,३६७,३८४ |
| १.१ | बीमाशुल्क (खुद) | ३,५३१,३९६,८०३ | १,६३१,२७०,७४१ | २,२५६,९१७,४०१ |
| १.२ | पुनर्बीमा कमिशन आय | ८,८५०,००० | ३,३००,००० | २,९००,००० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ७६८,००९,५०२ | ३११,९१३,९७० | ६०९,८२१,८५० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ८७,२११,५०६ | ४५,०७४,४६१ | ६१,४३९,३२७ |
| १.५ | अन्य प्रत्यक्ष आय | २०,८५३,७३६ | १०,६८६,३६८ | १६,७८९,०३३ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | ७८,३८८,२६३ | ७८,३८८,२६३ | ५२,६९५,९८९ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत ब्यवस्था | ३५७,३४१,५०० | ३५७,३४१,५०० | २५०,८०३,७८४ |
| २ | ब्यय (२.१ देखि २.१० सम्म) | १,६७५,१७८,००८ | ९७५,९७२,०७८ | १,१८३,६२४,६९५ |
| २.१ | दावी भुक्तानी (खुद) | ४२३,०९०,९८६ | २०१,७७१,९३९ | २८८,६५६,०२२ |
| २.२ | अभिकर्ता कमिशन | ४०७,५८३,८७६ | १७९,९०५,५०१ | २२८,९८०,८७१ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | ३,७८६,४२८ | १,५७३,५३३ | ५,६७५,७९८ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | ३५,३१३,९६८ | १६,३१२,७०७ | २२,५६९,१७४ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.७ | ब्यवस्थापन खर्च | २५९,७०१,७८७ | ११९,७५७,७१२ | १६२,८१५,९८० |
| २.८ | आयकर | ५७,२४१,०४७ | १९,२४८,६२४ | ७३,९०१,१०८ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | ९१,६०४,८८२ | ७८,१७६,६४९ | ६०,९१७,२४६ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत ब्यवस्था | ३९६,८५५,०३४ | ३५९,२२५,४१३ | ३४०,१०८,४९६ |
| ३ | वचत (१-२) | ३,१७६,८७३,३०१ | १,४६२,००३,२२४ | २,०६७,७४२,६८९ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ३,०३२,७८९,८७३ | १,३७४,२६८,१५५ | १,९७४,६५७,४७३ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | १४४,०८३,४२८ | ८७,७३५,०६९ | ९३,०८५,२१६ |
| | **अन्य विवरण** | | | |
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | २५,४१६,९६३ | २३,४७४,१९० | १८,४३३,३७४ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | ३,६०८,४७६ | १,६६५,७०४ | २,३००,३७४ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | ९८५,५९६ | ९५४,३८६ | ८१९,४३२ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (६९-७० को) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७०-७१ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ४३६,३०७ | २०१,५६० | २९६,८७७ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | ९,०२४ | ४,०८६ | ७,२१२ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | ७८,३८८ | ७८,३८८ | ६०,९१७ |

**द्रष्टव्य:**
१) माथी उल्लेखित मुनाफामा कम्पनीको आ.व. २०७०/७१ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा बीमाङ्कीय मूल्याङ्कनको परिणाम पश्चात समावेश गरिने छ।
२) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ।
३) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ।

## आ.व. २०७१/०७२ को दोस्रो त्रैमासिक प्रतिवेदन

### (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) **बित्तिय बिवरण**

क) दोस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७१/११/०१ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।

ख) प्रमुख बित्तिय अनुपातहरु :

| | |
|---|---|
| *प्रति शेयर आम्दानी : १८.५१ | प्रति शेयर नेटवर्थ : १६४.३३ |
| पि.ई. अनुपात : २४५.१६ | प्रति शेयर कुल सम्पत्तिको मुल्य : २५७.८२ |
| औसत प्रतिफल दर : ८.७२ | |

** उपरोक्त वित्तिय अनुपातहरुमा आ.व ०७०/७१ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा गणना गरिएको छैन।*

समिक्षा त्रैमासको अन्त्य तिर सेयर बजारमा तुलनात्मक रुपमा गिरावट आएको कारण कम्पनीले सो वापत हुन सक्ने नोक्सानीको लागि रु ७.४७ करोड ब्यवस्था गरे पश्चात पनि कम्पनीको यस त्रैमासिक अवधिसम्म रु.१०.०३ करोड नाफा रहेको छ जसमा आ.व. २०७०।७१ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा थप हुनेछ। सो वित्तिय विवरणमा आय व्यय हिसावबाट रु. ३०३.२८ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.२,०३६.४६ करोड भएको छ।

२) **व्यवस्थापकिय बिश्लेषण**

क) कम्पनीको दोस्रो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.३५३.१४ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. २२५.६९ करोडको तुलनामा ५६.४७ प्रतिशतले बृद्धी भएको हो। कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योगदान मिलेको छ।
कम्पनीले यस दोस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ४२.३१ करोड दावी भुक्तानी गरेको छ। कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ। कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ।

कम्पनीले दोस्रो त्रैमासिक अवधिसम्ममा रु. २१.३० अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. १५.४९ अर्व मा ३७.५१ प्रतिशतको बृद्धी हो। विधमान वजारमा लगानीको प्रतिफल अति न्यून हुदै गई रहेको अवस्थामा पनि कम्पनीले विगतका बर्षहरुमा उच्च ब्याज दरमा दिर्घकालिन लगानी गरेको कारण यस आ.व. २०७१/७२ को औसत प्रतिफल समेत उत्साहजनक रहेको छ।







* आ.व. २०७१/७२ मा दोस्रो त्रैमासिक अवधिसम्मको मात्र कुल लगानी तथा जीवन वीमाकोष उल्लेख गरीएको छ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त दोस्रो वीमा शुल्कको वर्गिकरण यस अनुसार छ।







ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन।

३) **कानूनी कारवाही सम्बन्धी बिवरण :** नभएको

४) **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण**

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ।

| | | |
|---|---|---|
| अधिकतम मुल्य : रु ४,६०० | न्युनतम मुल्य : रु ३,७७१ | अन्तिम मुल्य : रु ४,५३९ |
| कारोबार संख्या : १,५२,८४८ कित्ता | कारोबार दिन : ५७ दिन | |

५) **समस्या र चुनौती**

मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ। जीवन वीमा क्षेत्रको विस्तारित बजारका वावजुद सीमित क्षेत्रमा केन्द्रित तीव्र प्रतिस्पर्धाले केही चुनौतीहरु सृजना गरेका छन्। अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ। यद्दपी वीमा समितिवाट हालै जारी लगानी नीतिले लगानी विविधिकरणमा सुधार पुर्‍याउने देखिन्छ। कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ।

६) **संस्थागत सुशासन**

कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ। कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ। कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ। कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ। कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

८) **नियम २२ (५) संग सम्बन्धित बिशेष घटना वा परिस्थिति सम्बन्धी विवरण**

बार्षिक साधारण सभा २०७१ पौष मसान्तभित्र सम्पन्न हुन नसक्ने परिस्थितिको बारे नेपाल धितोपत्र बोर्डमा जानकारी गराइएको।

किनकि जीवन अमूल्य छ...